# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या ४

## भाग २

### स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

### ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको

### सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ईन्द्रावती गाउँपालिका खेलकुद विकास कार्यविधि, २०७९

# ईन्द्रावती गाउँपालिका खेलकुद विकास कार्यविधि, २०७९

**प्रस्तावना :**

विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन वाञ्छनीय भएकोले ईन्द्रवतीगाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी गाउँपालिकामा खेलकुद क्षेत्रको विकासको लागि यो कार्यविधि ईन्द्रवती गाउँपालिका प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम ईन्द्रवती गाउँ कार्यपालिकाको मिति २०७९।०९।०७ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** यस कार्यविधिको नाम “ईन्द्रवती गाउँपालिका खेलकुद विकास कार्यविधि २०७९” रहनेछ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकावाट पारित भई ईन्द्रावती राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "खेलकुद" भन्नाले ईन्द्रवती गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ख) "खेलाडी" भन्नाले विभिन्न विधाका राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी लाई सम्झनु पर्नेछ ।

(ग) "खेलकुद समिति" भन्नाले यो निर्देशिका बमोजिम गठित ईन्द्रवती खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## ईन्द्रवती खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

### ४. ईन्द्रवती खेलकुद समितिको गठनः

(१) देहाय बमोजिम ईन्द्रवती खेलकुद समितिको गठन हुनेछ :-

क) अध्यक्ष - गाउँ कार्यपालिका वोर्डले तोकेको खेलकुद क्षेत्रमा सकृय गा.पा.क्षेत्र भित्रको १ जना संयोजक

ख) सदस्य- सामाजिक विकास समितिको संयोजक/सदस्य १ जना सदस्य

ग) सदस्य - खेलकुदका विभिन्न विधाबाट एक एकजना पर्ने गरी बढी तोकिएका ५ जना सदस्य

घ) सदस्य सचिव - शिक्षा यूवा तथा खेलकुल शाखाका अधिकृत स्तरका कर्मचारी १ जना सदस्य सचिव

### ५. खेलकुद समितिको काम, कर्तव्य र अधिकार :

(१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने ,

ख) बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका वा गाउँपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा ईन्द्रवतीगाउँक्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने ,

ङ) ईन्द्रवती गाउँपालिकाको संयोजनमा बिभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धि योजना बनाई लागू गर्ने ,

च) खेलकुदको बिकासका लागि प्रदेश सरकारसंग सम्पर्क गर्न गाउँपालिकाको परामर्समा योजना बनाई पेश गर्ने ,

छ) ईन्द्रवती गाउपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ज) खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्विकृतीमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

झ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

ञ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि कोष स्थापना गरी सञ्चालन गर्न सक्ने,

६. **खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकिने :** खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा

खेलकुद समितिबाट सिफारिस भई आएमा गाउँ कार्यपालिका बोर्डले त्यस्तो सदस्यलाई कुनै बखत पनि हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

७. **खेलकुद समितिको कार्यकाल :** खेलकुद समितिको कार्यकाल २ वर्षको हुनेछ । गाउँ कार्यपालिका बोर्डले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ ।

८. **प्रतिवेदन पेश गर्ने :** (१) सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धि योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले बुलेटिन मार्फत सार्वजानिक गर्नेछ ।

९. **खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन :**

(१) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधि गरिने कार्य यसै निर्देशिका बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ ।

१०. **खेलकुदको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनः**

(१) खेलकुद संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने मूख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ ।

क) गाउँ कार्यपालिका उप प्रमुख संरक्षक

ख) सामाजिक विकास समितिको संयोजक परामर्स दाता

ग) गाउँ कार्यपालिकाले तोकेको लव्ध प्रतिष्ठित सामाजिक व्यक्तित्व मध्येबाट १ जना प्रमुख सल्लाहकार

(२) गाउँपालिकाको आवश्यकता अनुसार थप सल्लाहकार तोक्न सक्नेछ ।

# परिच्छेद ३
## आचार संहिता

**११. आचार संहिता :**

(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैनन् ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएका खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहिं कतै बेच्न, धरौट राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन

ञ) गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धी क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अधिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

१२ **सौजन्यता:** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकको पूर्व स्वीकृती लिनुपर्नेछ । तर गाउँपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाका सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ४
## दर्ता, नविकरण र विघठन

### १३. दर्ता र स्वीकृतीः

(१) गाउँ कार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुद संग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । खेलकुद संग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृती दिनेछैन ।

(२) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसची-१ को ढाँचामा निवेदन दिईनु पर्नेछ ,

(३) सस्था दर्ता र विधान स्वीकृतीको लागि निबेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ,

(४) पहिल्यै दर्ता भइ सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागी अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(५) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(६) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची ५ बमोजिम को ढाँचामा हुनुपर्ने,

(७) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन,

(८) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सवै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ,

**१४ जरिवाना :**

(१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ :

(क) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु १०००।–

(ख) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु २५००।–

(ग) तीन वर्ष सम्म पनि नविकरण नगरेमा रु ५०००।-

(घ) पाँच वर्ष सम्म पनि नविकरण नगरेमा रु १०,०००।-

(२) पाँच वर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगराई दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**१५. संस्थाको विघटन :**

(१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायका अवस्थामा विघटन हुन सक्नेछन :–

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगाातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत् विक्षत् भएमा ।

१६. **विघठित सस्थाको सम्पत्ति :** विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

१७. **खारेजि र बचाउ :** ईन्द्रवती गाउँपालिका मातहत संचालन हुने खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । सो बखत भएका खेलकुद गतिविधीहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## (दफा १३ को उपदफा २ संग सम्बन्धित)

## अनुसूची १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ईन्द्रवती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।
संस्थाको कार्यालय रहने स्थान :................................
ईन्द्रवती गाउँपालिका वार्ड नं........., टोलको नाम.................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु
क) संस्थाको विधानको मस्यौदा
ख) आवेदक र समितिका पदाधिकारीहरुको
ग) संस्थाको छापको नमूना

**(दफा १३ को उपदफा ३ संग सम्बन्धित)**

## अनुसूची २

ईन्द्रवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक ।

संस्था दर्ता प्रमाण पत्र
संस्थाको नाम :..................................................
ठेगाना :...........................................................

दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी सस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । ईन्द्रवती गाउँ खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**(दफा १३ को उपदफा ४ संग सम्बन्धित)**

**अनुसूची ३**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ईन्द्रवती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक,

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र

ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) समितिको निर्णय

**(दफा १३ को उपदफा ५ संग सम्बन्धित)**

## अनुसूची ४

ईन्द्रवती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक ।

संस्था सूचीकृत प्रमाण पत्र

संस्थाको नाम :...............................................

ठेगाना :..........................................................

दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्रप्रदान गरिएको छ । ईन्द्रवती गाउपालिका खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतीविधीहरु संचालन गर्न अनुमति दिईएको छ ।

**(दफा १३ को उपदफा ६ संग सम्बन्धित)**

## अनुसूची ५

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ईन्द्रवती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक

विषय : संस्था नविकरण गरी पाउँ ।

.......................................................नामक सस्था यस गाउँपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गती विधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्रसंलग्न राखी नविकरण गरीपाउँ भनि निवेदन गर्न आएको छु/छौ । अतः आर्थिक बर्ष................को संस्था नविकरण भएको

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको वार्षिक गतीविधि,

ग) भावि योजना र बजेट

प्रमाणिकरण मिति २०७९।०९।०७

आज्ञाले,
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत